दंगीशरण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हेकुली, दाङ

लुम्बिनी प्रदेश, नेपाल

दंगीशरण गाउँ कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम ९ (१) बमोजिमको कार्यपालिका बैठकको कार्यसूची बुझेको भरपाई

मितिः २०८०/०२/१७

बैठक संख्याः ९/२०७९/८०

समयः १.०० बजे

बैठक बस्ने स्थानः दंगीशरण गाउँपालिकाको सभा हल, हेकुली, दाङ

| क.सं. | कार्यसूचि | प्रस्तावक | कैफियत |
|---|---|---|---|
| १ | दंगीशरण गाउँपालिका वडा नं. २ कलमखोला पुलले क्षति पुर्याएको घरको क्षतिपूर्ति सम्बन्धमा । | श्री शम्भु गिरी | |
| २ | 'घ' वर्गको निर्माण व्यवसायीको इजाजत पत्र सम्बन्धमा । | श्री शम्भु गिरी | |
| ३ | दिर्घरोगीहरूलाई निःशुल्क वितरणको लागि औषधी खरिद सम्बन्धमा । | श्री शम्भु गिरी | |
| ४ | आर्थिक सहायता सम्बन्धमा । | श्री शम्भु गिरी | |
| ५ | गाउँसभाको मिति तोक्ने सम्बन्धमा । | श्री शम्भु गिरी | |
| ६ | विविध ।<br>(क) कर्मचारी मूल्याङ्कन समिति गठन सम्बन्धमा ।<br>(ख) पुरस्कार रकम तोक्ने सम्बन्धमा ।<br>(ग) बखरिया बुर्केसाल सडक खण्डको मर्मत बापतको रकम भुक्तानी सम्बन्धमा ।<br>(घ) गाउँ कार्यपालिकाको को प्रशासनिक भवनको भेरियसन सम्बन्धमा । | श्री शम्भु गिरी | |

| क.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री पिमा कुमारी वली खड्का | उपाध्यक्ष | |
| २. | श्री रमेश भण्डारी | वडाध्यक्ष | |
| ३. | श्री डम्बर खत्री | वडाध्यक्ष | |
| ४. | श्री सुकलाल चौधरी | वडाध्यक्ष | |
| ५. | श्री कमल थारू | वडाध्यक्ष | |
| ६. | श्री निरज बस्नेत | वडाध्यक्ष | |
| ७. | श्री रोशन जङ्ग शाह | वडाध्यक्ष | |
| ८. | श्री रेशम बहादुर वली | वडाध्यक्ष | |

| | | | |
|---|---|---|---|
| ९. | श्री मिना चौधरी | कार्यपालिकासदस्य | |
| १०. | श्री दुर्पति थरूनी | कार्यपालिकासदस्य | |
| ११. | श्री टंकी भण्डारी | कार्यपालिकासदस्य | |
| १२. | श्री चन्दा योगी | कार्यपालिकासदस्य | |
| १३. | श्री कृष्ण कामी | कार्यपालिकासदस्य | |
| १४. | श्री सितारा नेपाली | कार्यपालिकासदस्य | |

दंगीशरण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हेकुली, दाङ

लुम्बिनी प्रदेश, नेपाल

दंगीशरण गाउँ कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम ९ (१) बमोजिम कार्यपालिका बैठकको कार्यसूची

बैठक संख्याः ९/२०७९/०८० — मितिः २०८०/०२/१९

बैठक बस्ने स्थानः दंगीशरण गाउँपालिकाको सभा हल, हेकुली, दाङ — समयः १.०० बजे

| क्र.सं. | कार्यसूचि | प्रस्तावक | प्रस्ताव पेश गर्नुको कारण | कैफियत |
|---|---|---|---|---|
| १ | दंगीशरण गाउँपालिका वडा नं. २ कलमखोला पुलले पुर्याएको घरको क्षतिपूर्ति सम्बन्धमा । | श्री शम्भु गिरी | निर्णयार्थ | |
| २ | 'घ' वर्गको निर्माण व्यवसायीको इजाजतपत्र सम्बन्धमा । | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ३ | दिर्घरोगीहरुको लागि निःशुल्क वितरणको लागि औषधी खरिद सम्बन्धमा । | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ४ | आर्थिक सहायता सम्बन्धमा । | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ५ | गाउँसभाको मिति तोक्ने सम्बन्धमा । | श्री शम्भु गिरी | निर्णयार्थ | |
| ८ | विविध ।<br>(क) कर्मचारी मूल्याङ्कन समिति गठन गर्ने सम्बन्धमा ।<br>(ख) पुरस्कार रकम तोक्ने सम्बन्धमा ।<br>(ग) बखरिया-बुर्केसाल सडक खण्डको बाटो मर्मत बापतको रकम भुक्तानी सम्बन्धमा ।<br>(घ) खुल्ला व्यायामशाला निर्माणको लागि रकम माग सम्बन्धमा ।<br>(ङ) गाउँ कार्यपालिकाको प्रशासनिक भवनको भेरियसन सम्बन्धमा । | श्री शम्भु गिरी | निर्णयार्थ | |

प्रस्ताव प्रमाणित गर्नेको नामः शम्भु गिरी

पदः अध्यक्ष

दस्तखतः

शम्भु गिरी
अध्यक्ष

दंगीशरण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हेकुली, दाङ

लुम्बिनी प्रदेश, नेपाल

बैठक नं. ९/२०७९/८०

बैठक बसेको मितिः २०८०/२/१९ समयः दिनको १.०० बजे

बैठक बसेको स्थानः दंगीशरण गाउँपालिकाको सभा हल, हेकुली, दाङ ।

आज मिति २०८०/०२/१९ गतेका दिन दंगीशरण गाउँपालिकाका अध्यक्ष श्री शम्भु गिरी ज्यूको अध्यक्षतामा तपसिल बमोजिमका सदस्यहरूको उपस्थितिमा दंगीशरण गाउँ कार्यपालिकाको बैठक बसी सर्वसम्मतिबाट निर्णय पारित गरियो ।

उपस्थिति

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री शम्भु गिरी | अध्यक्ष | |
| २. | श्री पिमा कुमारी वली खड्का | उपाध्यक्ष | |
| ३. | श्री निमराज भट्टराई | सचिव | |
| ४. | श्री रमेश भण्डारी | वडाध्यक्ष | |
| ५. | श्री डम्बर खत्री | वडाध्यक्ष | |
| ६. | श्री सुकलाल चौधरी | वडाध्यक्ष | |
| ७. | श्री कमल थारू | वडाध्यक्ष | |
| ८. | श्री निरज बस्नेत | वडाध्यक्ष | |
| ९. | श्री रोशन जङ्ग शाह | वडाध्यक्ष | |
| १०. | श्री रेशम बहादुर वली | वडाध्यक्ष | |
| ११. | श्री मिना चौधरी | कार्यपालिकासदस्य | |
| १२. | श्री द्रोपति थरूनी | कार्यपालिकासदस्य | |
| १३. | श्री टंकी भण्डारी | कार्यपालिकासदस्य | |
| १४. | श्री चन्दा योगी | कार्यपालिकासदस्य | |
| १५. | श्री कृष्ण कामी | कार्यपालिकासदस्य | |
| १६. | श्री सितारा नेपाली | कार्यपालिकासदस्य | |

# मिति २०८०/०२/१९ गते बसेको कार्यपालिकाको बैठकका निर्णयहरू

प्रस्ताव नं. १

दंगीशरण गाउँपालिका वडा नं. २ कलमखोला पुलले क्षति पुर्याएको घरलाई आर्थिक सहायता सम्बन्धमा ।

प्रस्तावको संक्षिप्त व्यहोराः दंगीशरण गाउँपालिका वडा नं. २ कलमखोला पुलको पश्चिम पट्टीको क्षेत्रमा अवस्थित श्री खुसल बहादुर कामीको ढुङ्गा र माटोको दिवाल तथा कर्कट पाताले छाएको कच्ची घरमा पुल निर्माण गर्ने क्रममा घरमा क्षति हुन गएको हुँदा सहायता स्वरूप रकम उपलब्ध गराउनु पर्ने भएकोले ।

हुनु पर्ने निर्णयः दंगीशरण गाउँपालिका वडा नं. २ कलमखोला पुल निर्माणको क्रममा पुलको पश्चिमपट्टीको भागमा रहेको श्री खुसल बहादुर कामीको ढुङ्गा र माटोको दिवाल र कर्कट पाताको छानाले बनेको कच्ची घरमा क्षति पुग्न गई नयाँ घर निर्माण गर्नुपर्ने हुँदा सहायता स्वरूप रकम उपलब्ध गराउनु पर्ने भएकोले प्राविधिक मूल्याङ्कन प्रतिवेदन तथा घरधनिसँग भएको सम्झौताको आधारमा भुक्तानी गरिएको रू. २,५०,०००/- (अक्षरूपी दुई लाख पचास हजार रूपैयाँ मात्र) समर्थन गर्ने।

निर्णयः माथि उल्लेखित व्यहोरा बमोजिम गर्ने।

प्रस्ताव नं. २

'घ' वर्गको निर्माण व्यवसायीको इजाजत पत्र सम्बन्धमा ।

प्रस्तावको संक्षिप्त व्यहोराः 'घ' वर्गको निर्माण व्यवसायीको इजाजत पत्रको लागि आवेदन पेश हुन आएकोले ।

हुनु पर्ने निर्णयः यस गाउँ कार्यपालिकाको कार्यालयमा 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्रको लागि आवश्यक कागजात सहित तपसिल बमोजिमका फर्महरूबाट रितपूर्वकको आवेदन पेश हुन आएकोले इजाजत पत्र जारी गर्न मनासिव देखिएको हुँदा कानून बमोजिमको दस्तुर लिई 'घ' वर्गको निर्माण व्यवसायीको इजाजत पत्र प्रदान गर्ने ।

तपसिल

| क्र.सं. | फर्मको नाम | ठेगाना | प्रोप्राइटरको नाम | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | नवराज निर्माण सेवा | दंगीशरण-१, दाङ | अम्मर वली | ९८४२७२४२६९ |
| २ | शेषनाग निर्माण सेवा | दंगीशरण-७, दाङ | नरेश पौडेल | ९८४७८०२५६० |

निर्णयः माथि उल्लेखित व्यहोरा बमोजिम गर्ने ।

प्रस्ताव नं. ३

दिर्घ रोगीहरूलाई निःशुल्क वितरणको लागि औषधी खरिद सम्बन्धमा ।

प्रस्तावको संक्षिप्त व्यहोराः दंगीशरण गाउँपालिकाभित्र बस्ने दिर्घ रोगीहरूले सेवन गर्ने औषधी निःशुल्क वितरणको लागि खरिद गर्नुपर्ने भएकोले।

गाउँ कार्यपालिकाको
बैठक संख्या: ८/२०७९/८० को
मिति २०८०/२/१९
निर्णय प्रमाणित।

निमराज भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

हुनु पर्ने निर्णयः दंगीशरण गाउँपालिकाभित्र बसोवास गर्ने चिकित्सकबाट दिर्घरोगी भनि निदान भएका र लामो समय औषधी सेवन गर्नुपर्ने दिर्घरोगीहरूलाई उपचारमा राहत प्रदान गर्न औषधी निःशुल्क वितरण गर्नुपर्ने भएको हुँदा नेपाल सरकारले निःशुल्क वितरणको लागि तोकेभन्दा बाहेक चिकित्सकको प्रेस्कृप्सन अनुसारको औषधी सेवन गर्नुपर्ने बिरामीहरूको लगत संकलन गरी दंगीशरण गाउँपालिकाबाट आ.व. २०७९/०८० को वार्षिक योजना तथा कार्यक्रममा व्यवस्था भएको औषधी खरिद शिर्षकबाट खर्च हुने गरी स्वास्थ्य शाखाबाट यकिन भएको परिमाणमा औषधी खरिदका लागि गाउँपालिका कार्यालयलाई अनुमति दिने ।

निर्णयः माथि व्यहोरामा उल्लेख भएबमोजिम गर्ने ।

प्रस्ताव नं. ४
आर्थिक सहायता सम्बन्धमा ।

प्रस्तावको संक्षिप्त व्यहोराः दंगीशरण गाउँपालिकाका विभिन्न वडाहरूबाट सिफारिस भई आएका तथा गाउँ कार्यपालिकाको कार्यालयमा सोझै निवेदन दिई आर्थिक सहायता माग गरेका व्यक्तिहरूलाई समस्याको प्रकृति र गाम्भिर्यताको आधारमा आर्थिक सहायता उपलब्ध गराउनु पर्ने ।

हुनु पर्ने निर्णयः दंगीशरण गाउँपालिकाको आर्थिक सहायता वितरण कार्यविधि, २०७५ बमोजिम आर्थिक सहायता मागको किसिम, समस्याको प्रकृति तथा औचित्यको आधारमा भुक्तानी भएका तपसिल बमोजिम आर्थिक सहायतालाई समर्थन तथा भुक्तानी गर्ने।

तपसिल

| क्र.सं. | व्यक्ति वा संस्थाको नाम | ठेगाना | सहायता रकम | सहायताको कारण |
|---|---|---|---|---|
| १ | राप्ती साहित्य परिषद नेपाल | दाङ | १०,०००/- | कार्यक्रम सञ्चालन |
| २ | बी.पी. विचार राष्ट्रिय समाज | दाङ | ५,०००/- | कार्यक्रम सञ्चालन |
| ३ | डिल्ली राज गिरी | दंगीशरण-३,दाङ | ५०००/- | मृगौला बिरामी |
| ४ | शेरबहादुर डाँगी | दंगीशरण-१, दाङ | ३०००/- | हात भाँचिएको |
| ५ | चुनु चौधरी | दंगीशरण-६, दाङ | ५०००/- | सवारी दुर्घटना |
| ६ | पार्वती चौधरी | दंगीशरण-७, दाङ | १००००/- | विपद (घर भत्किएको) |
| ७ | रेउकी दमेनी | दंगीशरण-३, दाङ | ५०००/- | उच्च रक्तचाप बिरामी |
| ८ | सगुनी बादी | दंगीशरण-६, दाङ | २५००/- | हड्डी खिइएकोले उपचार |
| ९ | युवाशक्ति फोटोग्राफर संघ | दाङ | ५०००/- | कार्यक्रम सञ्चालन |
| १० | नेपाल दलित संघ | लुम्बिनी प्रदेश | ७०००/- | कार्यक्रम सञ्चालन |

निर्णयः दिएको आर्थिक सहायता समर्थन गरी रकम दिन बाँकीलाई भुक्तानी गर्ने ।

गाउँ कार्यपालिकाको
बैठक संख्याः ...५१ २०७९/०८०...
मिति ...२०८०।०२।१५... को
निर्णय प्रमाणित।

प्रस्ताव नं. ५

निमराज भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

गाउँ सभाको मिति तोक्ने सम्बन्धमा ।

**प्रस्तावको संक्षिप्त विवरणः** दंगीशरण गाउँपालिकाको आगामी आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रम र वार्षिक योजना तथा कार्यक्रम लगायत ऐन तथा नियम पारित गर्नका लागि गाउँ सभाको बैठक बस्नुपर्ने भएकोले ।

हुनुपर्ने निर्णयः दंगीशरण गाउँपालिकाको आगामी आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रम, वार्षिक योजना तथा कार्यक्रम, आर्थिक विधेयक, विनियोजन विधेयक लगायत ऐन तथा नियम पारित गर्नको लागि गाउँ सभाको बैठक बस्न आवश्यक भएकोले आगामी १५ औं गाउँसभाको पहिलो बैठक आउँदो २०८० साल असाढ महिनाको ६ गते दिनको १.०० बजे दंगीशरण गाउँपालिकाको सभा हलमा बस्ने ।

निर्णयः माथि व्यहोरामा उल्लेख भएबमोजिम गर्ने ।

प्रस्ताव नं. ६ विविध ।

(क) कर्मचारी मूल्याङ्कन समिति गठन सम्बन्धमा ।

**प्रस्तावको संक्षिप्त विवरणः** दंगीशरण गाँउपालिकाको आ.व. २०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार उत्कृष्ट कार्यसम्पादन भएका कर्मचारीलाई पुरस्कृत गर्नको निमित्त कर्मचारी मूल्याङ्कन समिति गठन गर्नुपर्ने भएकोले ।

हुनुपर्ने निर्णयः दंगीशरण गाउँपालिकाको आ.व. २०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार उत्कृष्ट कार्यसम्पादन भएका शिक्षक, कर्मचारी, स्वास्थ्यकर्मी, कार्यालय सहयोगी कर्मचारीहरूलाई पुरस्कृत गर्नको लागि मूल्याङ्कनका आधारहरू तयार गरी उत्कृष्ट कर्मचारी छनौट गर्न तपसिल बमोजिमको समिति गठन गर्ने ।

तपसिल

१. श्री निमराज भट्टराई (प्रमुख प्रशासकीय अधिकृत) -संयोजक
२. श्री विनोद अधिकारी (शिक्षा अधिकृत) -सदस्य
३. श्री टेकबहादुर खत्री (जनस्वास्थ्य निरीक्षक) -सदस्य

निर्णयः माथि व्यहोरामा उल्लेख भए बमोजिम गर्ने ।

(ख) कर्मचारी पुरस्कार रकम सम्बन्धमा ।

**प्रस्तावको संक्षिप्त व्यहोराः** दंगीशरण गाउँपालिकाको आ.व. २०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार उत्कृष्ट कार्यसम्पादन भएका कर्मचारीलाई पुरस्कृत गर्नको लागि पुरस्कार रकम तोक्न आवश्यक भएकोले ।

हुनुपर्ने निर्णयः दंगीशरण गाउँपालिकाको आ.व. २०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कर्मचारी मूल्याङ्कन समितिबाट छनौट भई आएका ४ जना उत्कृष्ट कार्यसम्पादन भएका शिक्षक, कर्मचारी, स्वास्थ्यकर्मी, कार्यालय सहयोगी कर्मचारीहरूलाई जनही रू. २५०००/- का दरले पुरस्कार वितरण

**गाउँ कार्यपालिकाको**
**बैठक संख्याः** [illegible]
**मिति** २०८०।०२।१८ **को**
**निर्णय प्रमाणित।**

निमराज भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

गर्ने। गत वर्षको उत्कृष्ट कर्मचारी कार्यालय सहयोगी श्री राजु चौधरीलाई पुरस्कार बापतको भुक्तानी दिन बाँकी रकम रू. २५०००/- (अक्षरूपी पच्चीस हजार रूपैयाँ मात्र) समेत भुक्तानी दिने ।

निर्णयः माथि व्यहोरामा उल्लेख भएअनुसार गर्ने ।

(ग) बखरिया-बुर्केसाल सडक खण्डको बाटो मर्मत बापतको रकम भुक्तानी सम्बन्धमा ।

**प्रस्तावको संक्षिप्त व्यहोराः** दंगीशरण गाउँपालिका वडा नं. २ स्थित बखरिया-बुर्केसाल सडक सण्डको मधरिया टूलोधारा उकालोमा स्थानीय बासिन्दासँग बिवाद समाधानको लागि उक्त क्षेत्रमा नाला खनेको तथा पाइप लाइन कटानको कार्य अमानतबाट भएकोले रकम भुक्तानी दिनुपर्ने भएकोले ।

**हुनुपर्ने निर्णयः** दंगीशरण गाउँपालिका वडा नं. २ स्थित बखरिया-बुर्केसाल सडक सण्डको मधरिया टूलोधारा उकालोमा स्थानीय बासिन्दासँग बिवाद समाधानको लागि उक्त क्षेत्रमा नाला खनेको तथा पाइप लाइन कटानको कार्य अमानतबाट भएकोले रकम भुक्तानी दिनुपर्ने भएकोले प्राविधिक लागत इष्टिमेट तथा मूल्याङ्कनको आधारमा यकिन हुन आएको जम्मा रू. १००४३.६० (अक्षरूपी दश हजार त्रिचालिस र पैसा साठी मात्र) उक्त कार्य गर्ने आर.जि. कन्स्ट्रक्सन प्रा.लि. पञ्चकुले-२, दाङलाई भुक्तानी दिने ।

निर्णयः माथि व्यहोरामा उल्लेख भएअनुसार गर्ने ।

(घ) खुल्ला व्यायामशाला निर्माणको लागि बजेट माग सम्बन्धमा ।

**प्रस्तावको संक्षिप्त व्यहोराः** दंगीशरण गाउँपालिका वडा नं. ६ प्रसडुवामा खुल्ला व्यायामशाला निर्माणको लागि लुम्बिनी प्रदेश सरकार समक्ष बजेट माग गर्न आवश्यक भएकोले ।

**हुनुपर्ने निर्णयः** खेलकूदको विकासको लागि दंगीशरण गाउँपालिका वडा नं. ६ प्रसडुवामा खुल्ला व्यायामशाला निर्माणको लागि आवश्यक बजेटको व्यवस्था गरिदिन लुम्बिनी प्रदेश सरकार समक्ष माग गर्ने ।

निर्णयः माथि व्यहोरामा उल्लेख भएबमोजिम गर्ने ।

(ङ) प्रशासनिक भवनको भेरियसन सम्बन्धमा ।

**प्रस्तावको संक्षिप्त व्यहोराः** दंगीशरण गाउँपालिकाको प्रशासनिक भवन निर्माणको विस्तृत परियोजना प्रतिवेदन (DPR) मा तोकिएको एवं सम्झौतामा उल्लेख भएकोभन्दा बढी परिमाणमा काम भएको तथा थप आइटमको काम भएकोले उक्त थप भएको परिमाण तथा आइटमको भेरियसन गर्नुपर्ने भएकोले ।

**हुनु पर्ने निर्णयः** प्राविधिकहरूको सिफारिसमा दंगीशरण गाउँपालिकाको नयाँ प्रशासनिक भवन निर्माणको विस्तृत परियोजना प्रतिवेदन (DPR) मा तोकिएको एवं सम्झौतामा उल्लेख भएकोभन्दा बढी परिमाणमा काम भएको तथा थप आइटमको काम भएकोले उक्त थप भएको परिमाण तथा आइटमको भेरियसन गर्नुपर्ने भएकोले सम्बन्धित प्राविधिकको मूल्याङ्कन एवं सिफारिस बमोजिम कूल लागत अनुमानको ६.८२ प्रतिशतले हुने जम्मा रकम रू. २६,७२,०९२.८२ (अक्षरूपी छब्बीस लाख बहत्तर हजार बयानब्बे रूपैयाँ र पैसा बयासी) भ्याट बाहेक मात्रको भेरियसन स्विकृत गर्ने ।

निर्णयः माथि व्यहोरामा लेखिएबमोजिम गर्ने ।

२०८०।०२।१९

**गाउँ कार्यपालिकाको**
**बैठक संख्याः** ५।२०८०।८०
**मिति** २०८०।०२।१९ **को**
**निर्णय प्रमाणित।**

निमराज भट्टराई
प्रमुख प्रशासकीय अधिकृत